उच्च पहाड कृषि व्यवसाय तथा जिवीकोपार्जन सुधार आयोजनाको प्रकाशन

# हिमाली कृषि सन्देश

चौमासिक

वर्ष - ४ अङ्क - २ पूर्णाङ्क - ११ मंसिर - फागुन, २०७३

**कृषि व्यवसाय विकासद्वारा उत्पादन वृद्धि ! नाफा, रोजगारी र हिमाली भेगमा समृद्धि !!**

## मुस्ताङमा ADB Review Mission सम्पन्न

मिति २०७३ साल मंसिर १९ गते देखि २४ गते सम्म मुस्ताङ जिल्लामा भएको ADB Review Mission मा ADB को तर्फवाट Mission टोलीमा श्री अरूण राणा (Senior Program Officer), श्री निलिमा नकर्मी, श्री भक्त सिटौला र श्री जया शर्मा हुनुहुन्थ्यो भने आयोजनाको तर्फवाट डा. विजय कान्त झा (आयोजना निर्देशक), Dr Francesco Goletti (International Team Leader, ACI), श्री दलराम प्रधान (राष्ट्रिय टोली प्रमुख, ACI), श्री पद्म वहादुर शाक्य (अनुगमन तथा मूल्यांकन विज्ञ), श्री गोपीकृष्ण सेढाई (प. चि.), श्री राममणी पौडेल (टोली नेता AEC/हिमाली), श्री यादव घिमिरे (खरिदार), श्री तीर्थराज ढकाल (जि.कृ.व्य. विज्ञ), श्री गोकर्ण देवकोटा (District Monitoring Coordinator (DMC)), श्री बिनिता गोतामे (District Agribusiness Monitor (DAM)) हुनुहुन्थ्यो साथै राष्ट्रिय योजना आयोगका योजना अधिकृत श्री रविन्द्र प्रसाद पौडेल पनि Mission मा सहभागी हुनु भएको थियो ।



Mission को क्रममा टोलीद्वारा मुस्ताङ जिल्लमा संचालित उप-आयोजनाहरू मध्ये सातवटा उप-आयोजनाहरूको अवलोकन गरेको थियो । जस अन्तर्गत सर्वप्रथम लेते-०२ स्थित घासा रेन्बो ट्राउट उद्योग (योजना कोड ०६-००३) ले संचालन गरेको रेन्बो ट्राउट माछा पालन व्यवसायको अनुगमन गर्‍यो । यस उप-आयोजनाले यस वर्ष मात्र २९०० के. जी. ट्राउट माछा विक्रि गरि रू. २५,८५,४०० आम्दानी गरेको र सो उप-आयोजनाले ५ जनालाई पूर्णकालिन र २३ जनालाई अल्पकालिन रोजगारी प्रधान गरिरहेको पायो । क्रमश लेते-६ स्थित मुक्तिनाथ कृषक समूह (योजना कोड ०६-०२६) ले संचालन गरेको तरकारी खेती व्यवसायको अनुगमनको क्रममा उप-आयोजनाले रू. २५००० मुनाफा गरेको र २ जनालाई पूर्णकालिन र ६ जनालाई अल्पकालिन रोजगारी प्रधान गरिरहेको टोलीले पायो । लेते-६ स्थित द बुकी भेडा पालन व्यवसाय (योजना कोड ०६-०१५) ले संचालन गरेको भेडा पालन व्यवसायको अनुगमनमा उप-आयोजनाले ५३० के. जी. ऊन र ३३ वटा भेडा विक्री गरि रू. ५,९६,२८० मुनाफा गरेको र १८ वटा भेडा बिक्री गर्न तयारी अवस्थामा रहेको साथै व्यवसायले ३ जनालाई पूर्णकालिन र २९ जनालाई अल्पकालिन रोजगारी प्रधान गरिरहेको टोलीले पायो । मार्फा गा.वि.स. वडा नं. ०१ स्थित मार्फा फलफूल तथा तरकारी प्रशोधन उद्योग (योजना कोड ०६-०२५) को अनुगमन गर्दा उप-आयोजनाले २ जनालाई पूर्णकालिन र ७३ जनालाई अल्पकालिन रोजगारी प्रधान गरेको र रू. २१,३६,५१६ आम्दानी गरेको टोलीले पायो । मुक्तिनाथ गा.वि.स. वडा नं. ०४ मा रहेको मुक्तिनाथ बुहउद्देश्यीय सहकारी सं. लि (योजना कोड ०६-००२) ले संचालन गरेको तोरा जुस उत्पादन व्यवसायले ११ जनालाई पूर्णकालिन रोजगारी र रू. ३६,६०,७४० आम्दानी गरेको र मार्फा-०८ स्थित मुस्ताङ डेरी उद्योग (योजना कोड ०६-००१) ले संचालन गरेको डेरी व्यवसायले ४ पूर्णकालिन रोजगारी प्रधान गरिरहेको र रू. १,८६,९७,१५५ आम्दानी गरेको र त्यस्तै जोमसोम गा.वि.स. वडा नं. ०९ स्थित एम. बि. बि. दुम्बा कृषि फर्म (योजना कोड ०६-०५१) ले संचालन गरेको गाई पालन व्यवसायले १ जनालाई पूर्णकालिन र ११ जनालाई अल्पकालिन रोजगारी प्रधान गरिरहेको र रू. ९,१२,४१० आम्दानी गरेको टोलीले पायो ।



यी उप-आयोजनाहरूको अवलोकन गर्दा मुक्तिनाथ बहुउद्देश्यीय सहकारी सं. लि (योजना कोड ०६-००२) मा केहि व्यवस्थापन कठिनाई पाएको थियो भने अवलोकन गरेका अरू उप-आयोजनाहरू समग्रमा सन्तोषजनक रूपमा सञ्चालन भईरहेको टोलीले पायो ।



## सल्लाहकार

**डा. विजय कान्त झा**
*आयोजना निर्देशक*

**दलराम प्रधान**
*राष्ट्रिय टोली प्रमुख*

**राममणी पौडेल**
*टोली नेता AEC/हिमाली*

## सम्पादक मण्डल

**सन्ध्या न्यौपाने**
*वरिष्ठ कार्यक्रम अधिकृत*

**पद्म बहादुर शाक्य**
*अनुगमन तथा मूल्याकंन विज्ञ*

**कमल पौडेल**
*सूचना तथा सञ्चार अधिकृत*

**सुक बहादुर नेपाली**
*पशु चिकित्सक*

## सहयोगी

**रवि भण्डारी**
*कम्प्यूटर अपरेटर*

# प्रकाशकीय/सम्पादकीय



कृषि व्यवसाय प्रवर्द्धन तथा जीविकोपार्जनमा सहयोग पुऱ्याउने उद्देश्यले संचालित हिमाली आयोजना लगभग अन्तिम वर्षमा प्रवेश गरी सकेको छ । यस आयोजनाले लगानी गरेका उप-आयोजनाहरूवाट प्रतिफल प्राप्त हुन थालेका छन् । व्यवसायीको आफ्नो लगानीबाट कार्य सम्पन्न भए पश्चात आयोजनावाट अनुदानको रकम भुक्तानी दिने व्यवस्था कायम नै रहेको छ । यस अर्थमा आगामी दिनहरूमा पनि अनुगमनको आधारमा भुक्तानी दिने कामलाई अझ तिव्रता दिनु पर्ने हुन्छ । आयोजनाको कार्यान्वयन अवस्था हालसम्म अत्यन्त सफल रहेको छ । यस आयोजनाले जम्मा ६४८ वटा उप-आयोजनाहरूलाई कृषि व्यवसाय विकास अनुदान उपलब्ध गराउन सम्झौता गरेको छ । यी उप-आयोजनाहरूमा जम्मा रू. १,१५,२८,७०,०००/- बराबरको सम्झौता भएको छ जसमा व्यवसायीहरूको लगानी रू. ३०,७८,४०,०००/- र हिमाली आयोजनाको अनुदान रकम रू. ८४,५०,३२,०००/- रहेको छ । हालसम्म रू. ७३,२७,३०,०००/- भुक्तानी भई सकेको जसमा ४५९ उप-आयोजनाहरूले पुरै भुक्तानी लिई सकेको अवस्था छ ।

हिमाली आयोजनाको निर्देशकको रूपमा मेरो पदवहाली भए पश्चात हिमाली कृषि सन्देशको यो प्रथम अंक हुनेछ । यस अघि हिमाली आयोजनामा आयोजना निर्देशकको पदभार सम्हाल्नु भएका र हाल पशु सेवा विभागको महा-निर्देशकको जिम्मेवारी सम्हालीरहनु भएका डा. विमल कुमार निर्मल ज्यू र त्यस अघि लामो समय हिमाली आयोजना सम्हालनु भएका डा. अमर बहादुर शाह ज्यूलाई विशेष धन्यवाद दिन चाहन्छु साथै हिमाली आयोजनालाई सफल बनाउन र हालसम्मको अवस्थामा ल्याउन सहयोग पुऱ्याउनु हुने AEC/हिमाली, ACI, आयोजना व्यवस्थापन कार्यालय, जिल्ला आयोजना समन्वयकर्ताको कार्यालयमा कार्यरत कर्मचारीहरू र अन्य सरोकारवालाहरूलाई समेत धन्यवाद व्यक्त गर्न चाहन्छु ।

**डा. विजय कान्त झा**
**आयोजना निर्देशक**

# व्यवसाय योजना मूल्यांकन स्थिति

२०७३ साल फागुन मसान्तसम्मको संभौता भएका उप-आयोजनाहरूको संक्षिप्त लगानी विवरण यस प्रकार रहेको छ :





| जिल्ला | उप-आयोजना संख्या | जम्मा लगानी रकम रू.(०००) | हिमाली अनुदान रकम रू.(०००) | व्यवसायी स्वमंको लगानी रकम रू.(०००) | सोध भर्ना भुक्तानी भएको रकम रू.(०००) | सोध भर्ना भुक्तानी हुन बाँकी रकम रू.(०००) | सोध भर्ना भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| संखुवासभा (०१) | ५२ | ७१,९३५ | ४६,८१७ | २५,११९ | ३६,०७८ | १०,७३८ | ७७।०६ |
| सोलुखुम्बु (०२) | ४९ | ५७,९३६ | ४४,०२९ | १३,९०७ | ३५,४६२ | ८,५६७ | ८०।५४ |
| दोलखा (०३) | १४९ | २४९,१४९ | १७९,३३० | ६९,८१९ | १४२,७५८ | ३६,५७१ | ७९।६१ |
| रसुवा (०४) | ७१ | ८९,५२४ | ६९,६८० | १९,८४५ | ६३,०७१ | ६,६०९ | ९०।५२ |
| मनाङ (०५) | २६ | १०१,१४८ | ६७,९४० | ३३,२०८ | ६६,७५१ | १,१८९ | ९८।२५ |
| मुस्ताङ (०६) | ३९ | ७९,३८० | ६०,९१३ | १८,४६७ | ५८,९५७ | १,९५५ | ९६।७९ |
| डोल्पा (०७) | ७४ | १३१,०६५ | १०४,१८८ | २६,८७७ | ९९,०८९ | ५,०९९ | ९५।११ |
| जुम्ला (०८) | ७० | १२१,९११ | ९५,०६७ | २६,८४५ | ७३,१०७ | २१,९५९ | ७६।९० |
| मुगु (०९) | ४६ | ७३,४८८ | ५८,७९० | १४,६९८ | ५३,८२१ | ४,९६९ | ९१।५५ |
| हुम्ला (१०) | ७० | ८६,१९७ | ६८,९५७ | १७,२३९ | ६३,००० | ५,९५७ | ९१।३६ |
| क्षेत्रिय | २ | ७८,६२५ | ३९,३१२ | ३९,३१२ | ३१,६१२ | ७,७०० | ८०।४१ |
| जम्मा : | ६४८ | १,१४०,३५७ | ८३५,०२२ | ३०५,३३५ | ७२३,७०९ | १११,३१४ | ८६।६७ |
| पूनर्निर्माण र पुनःस्थापना | २९ | १२,५१३ | १०,०१० | २,५०६ | ९,०२१ | ९८९ | ९०।१२ |
| जम्मा : | ६४८ | १,१५२,८७० | ८४५,०३२ | ३०७,८४० | ७३२,७३० | ११२,३०२ | ८६।७१ |





# अनुदान सम्झौता भएका उप-आयोजना विवरण (गताङ्कवाट क्रमसः)

फागुन २०७३ सम्म अनुदान सम्झौता भएका थप व्यवसाय योजनाहरूको विवरण यस प्रकार छ :

| क्र.सं | जिल्ला | आयोजना कोड | व्यवसाय योजना/ उद्देश्य | प्रस्तावक व्यक्ति/संस्था र सम्पर्क | सम्झौता मिति | व्यवसायको लगानी (रू.) कूल | अनुदान | स्वलगानी | भूक्तानी (रू.) |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | संखुवासभा | ०१-०४४ | चिराईतो खेती | आङवावु शेर्पा, मयम चिराईतो उत्पादन फार्म,मकालु -०९ | २७/०८/२०७३ | १,३६२,४९२ | १,०८९,९९४ | २७२,४९८ | - |
| २ | संखुवासभा | ०१-०८१ | भेडा पालन | काजीमान गुरूङ, हिमाली भेडा पालन फर्म,हटिया -०४ | २७/०८/२०७३ | १,४९०,९२० | १,१९२,७३६ | २९८,१८४ | - |
| ३ | संखुवासभा | ०१-०४१ | भेडा पालन | विवेक घले, फुकाम भेडा पालन फर्म,बाह्रबिसे -०२ | ०८/११/२०७३ | ६८७,५०० | ५५०,००० | १३७,५०० | - |
| ४ | मुस्ताङ् | ०६-०४८ | च्याङ्ग्रा पालन | पासााङ गुरूङ, दामोदर कुण्ड च्याङ्ग्रा पालन समूह, सुर्खाङ -०२ | ०४/११/२०७३ | १,२५०,७०० | १,०००,५६० | २५०,१४० | - |
| ५ | डोल्पा | ०७-०६४ | भेडा पालन | श्रीदल बुढा, दुर्गा कृषि, पशु तथा जडिबुटी उद्योग, सुँ -०८ | ०८/१०/२०७१ | २,७५६,६५० | २,२०५,३२० | ५५१,३३० | २,२०२,५२० |





| क्र.सं | जिल्ला | आयोजना कोड | व्यवसाय योजना/ उद्देश्य | प्रस्तावक व्यक्ति/संस्था र सम्पर्क | सम्झौता मिति | व्यवसायको लगानी (रू.) कूल | अनुदान | स्वलगानी | भूक्तानी (रू.) |
|---|---|---|---|---|---|---|---|---|---|
| ६ | डोल्पा | ०७-०५५ | स्याउ तथा तरकारी उत्पादन | नन्द सिंह बुढा, सुकर तरकारी, फलफुल तथा जडिबुटी उद्योग,दुनै -०३ | २१/१०/२०७१ | १,८२३,३०७ | १,४५८,६४६ | ३६४,६६१ | १,४५७,४८५ |
| ७ | डोल्पा | ०७-०३० | बाख्रा पालन | सुर्य बहादुर बुढा, फुलबारी पशु पालन उद्योग,ल्हाँ -०८ | २९/१०/२०७१ | १,५९७,७४० | १,२७८,१९२ | ३१९,५४८ | १,२७८,१९२ |
| ८ | डोल्पा | ०७-०५६ | ओखर प्रशोधन | नन्दे धराला, महोदव ओखर प्रशोधन उद्योग,सुँ -०४ | २७/११/२०७१ | १,१८९,८२९ | ९५१,८६३ | २३७,९६६ | ९५१,५०३ |
| ९ | डोल्पा | ०७-०५८ | उन संकलन तथा प्रशोधन | पदम धराला, फोक्सुण्डो पश्मिना, खुलु, ऊन संकलन तथा विक्रि केन्द्र,सुँ -०४ | २७/११/२०७१ | ८६२,६५० | ६९०,१२० | १७२,५३० | ६८७,३५५ |
| १० | डोल्पा | ०७-०५१ | स्याऊ उत्पादन | विसरा रोकाया, लावन प्राङगारिक स्याउ फर्म,लावन -०२ | ०२/१२/२०७१ | ४,२०६,६३६ | ३,३६५,३०८ | ८४१,३२७ | ३,०५९,६४९ |
| ११ | डोल्पा | ०७-०६६ | बाख्रा पालन | पाना कुमारी कार्की, सरू सृष्टि बाख्रा पालन उद्योग,रह -०९ | ११/१२/२०७१ | १,६८९,६५५ | १,३५१,७२४ | ३३७,९३१ | १,३५१,७२४ |
| १२ | डोल्पा | ०७-०४८ | जडिबुटी तथा फलफुल नर्सरी | शिबनन्द बोहोरा, गिता जडिबुटी तथा फलफुल विरूवा उत्पादन नर्सरी,माझपाल -०४ | २२/१२/२०७१ | ६३३,१९२ | ५०६,५५४ | १२६,६३८ | ५०६,५५३ |
| १३ | डोल्पा | ०७-०६७ | स्याउ प्रशोधन | ओम बहादुर बुढा, फ्रुट प्रोसेसिङ जुस उद्योग,सुँ -०९ | ३०/१२/२०७१ | ५,७२३,४८२ | ४,३६१,७४१ | १,३६१,७४१ | २,७२९,८०५ |
| १४ | डोल्पा | ०७-०३७ | तरकारी बिउ उत्पादन | हिरा बहादुर बोहोरा, श्याम बिऊ बिजन उत्पादन केन्द्र,माझपाल -०४ | ०७/०१/२०७२ | ८११,१८१ | ६४८,९४५ | १६२,२३६ | ६४७,४६४ |
| १५ | डोल्पा | ०७-१०६ | कृषि पर्यटन | राजन शाही, डेजिज् एग्रो फार्म,दुनै -०४ | २८/०२/२०७२ | ४,७६०,२८१ | ३,८०८,२२५ | ९५२,०५६ | ३,७९६,१९८ |
| १६ | डोल्पा | ०७-०६८ | केशर खेती | धर्मलाल बुढा, बर्मा केशर उत्पादन व्यवसाय केन्द्रसुँ -०७ | २८/०४/२०७२ | १,१७५,७३६ | ९४०,५८९ | २३५,१४७ | ९३३,८४५ |
| १७ | डोल्पा | ०७-०६२ | केशर खेती | पन्न बहादुर बुढा, मन्मा देव केशर खेती उद्योग,जुफाल -०५ | २९/०४/२०७२ | १,२३२,९५९ | ९८६,३६७ | २४६,५९२ | ९५९,४६४ |
| १८ | डोल्पा | ०७-०६९ | च्याङ्ग्रा पालन | निमा ग्याल्छेन वैजी, हिमालयन च्याङ्ग्रा पालन उद्योग,फोक्सुण्डो -०७ | ०५/०६/२०७२ | १,२६२,२२० | १,००९,७७६ | २५२,४४४ | १,००९,७७६ |
| १९ | डोल्पा | ०७-०७० | याक (चौरी) पालन | नुर्वु लामा, फोक्सुण्डो याक फार्म उद्योग,फोक्सुण्डो -०८ | ०५/०६/२०७२ | २,४८२,११५ | १,९८५,६९२ | ४९६,४२३ | १,९८५,६९२ |
| २० | डोल्पा | ०७-०७७ | भेडा पालन | मान बहादुर के.सी., बर्षा भेडा पालन उद्योग,सुँ -०३ | १८/०६/२०७२ | १,४९३,७८३ | १,१९५,०२६ | २९८,७५७ | १,१९३,०४७ |
| २१ | डोल्पा | ०७-०७८ | भेडा पालन | राजेन्द्र बुढा, फुलबारी भेडा पालन उद्योग,सुँ -०९ | १८/०६/२०७२ | १,४१६,५५५ | १,१३३,२४४ | २८३,३११ | १,१३२,४४० |
| २२ | डोल्पा | ०७-०८१ | तरकारी खेती | सुन कुमारी शाही, दुर्गा ताजा तरकारी उत्पादन केन्द्र,दुनै -०५ | १९/०७/२०७२ | ८९४,८४७ | ७१५,८७८ | १७८,९६९ | ७११,७७५ |
| २३ | डोल्पा | ०७-०८८ | बाख्रा पालन | नरदेव रोकाया, सधान पशु पालन फर्म,काईगाँउ -०१ | १९/०७/२०७२ | १,०९५,०३९ | ८७६,०३१ | २१९,००८ | ८०१,६२१ |
| २४ | डोल्पा | ०७-०९१ | बाख्रा पालन | ओम बहादुर बोहोरा, तामासा बाख्रा पालन फार्म,माझपाल -०४ | १९/०७/२०७२ | १,०६२,९२७ | ८५०,३४१ | २१२,५८५ | ८५०,३४१ |
| २५ | डोल्पा | ०७-०९३ | भेडा पालन | काली बहादुर बुढा, डाँडाखर्क भेडा पालन फार्म,डाँडाखर्क -०९ | १९/०७/२०७२ | १,२६५,३६७ | १,०१२,२९४ | २५३,०७३ | १,००८,७६९ |
| २६ | डोल्पा | ०७-१४६ | भेडा पालन | वृष बहादुर रोकाया, लक्ष्मी व्यवसायिक भेडा फार्म,दुनै -०२ | १९/०७/२०७२ | १,३७८,७२१ | १,१०२,९७७ | २७५,७४४ | १,१०२,९७७ |
| २७ | डोल्पा | ०७-१५७ | बाख्रा पालन | ईन्द कुमारी पुन, ईन्द्रा बाख्रा पालन फार्म,सर्मी -०७ | १९/०७/२०७२ | १,१४६,४७१ | ९१७,१७७ | २२९,२९४ | ९०५,०९९ |
| २८ | डोल्पा | ०७-०७२ | तरकारी बिउ उत्पादन | देविन्द्रा कुमारी शाही, देविन्द्रा जडिबुटी तथा तरकारी बिउ उत्पादन उद्योग,जुफाल -०१ | २०/०७/२०७२ | १,४०४,७०९ | १,१२३,७६७ | २८०,९४२ | १,११५,७६६ |
| २९ | डोल्पा | ०७-०८४ | बाख्रा पालन | कर्णादेवी डाँगी, बहु आयामी बाख्रा पालन फार्म,जुफाल -०८ | २०/०७/२०७२ | १,४५६,६५९ | १,१६५,३२८ | २९१,३३२ | १,१३७,५४० |
| ३० | डोल्पा | ०७-०९२ | बाख्रा पालन | लोक बहादुर शाही, मुकुटेश्वर पशु पालन व्यवसाय,रह -०४ | २०/०७/२०७२ | १,२५७,५४८ | १,००६,०३८ | २५१,५१० | १,००६,०३८ |
| ३१ | डोल्पा | ०७-०९४ | भेडा पालन | सरिता गुरूङ, खालीवन भेडा पालन फार्म,पहाडा -०९ | २०/०७/२०७२ | १,६३४,८५५ | १,३०७,८८४ | ३२६,९७१ | १,३०७,८८४ |
| ३२ | डोल्पा | ०७-०९७ | याक (चौरी) पालन | युङडुङ छेवाङ लामा, पुनिखा चौरी पालन उद्योग,फोक्सुण्डो -०६ | २०/०७/२०७२ | २,८५९,८४९ | २,२८७,८७९ | ५७१,९७० | २,२८७,८७९ |
| ३३ | डोल्पा | ०७-१०२ | तरकारी खेती | शिव कुमारी शाही, शिव तरकारी उद्योग,जुफाल -०१ | २०/०७/२०७२ | ६०३,६५४ | ४८२,९२४ | १२०,७३१ | ४८२,९२३ |
| ३४ | डोल्पा | ०७-१०३ | स्याउ खेती | धनराम बुढाथोकी, ऋषिराज फलफुल बगैंचा उद्योग,दुनै -०२ | २०/०७/२०७२ | ८४५,२१२ | ६७६,१७० | १६९,०४२ | ६७६,९३६ |
| ३५ | डोल्पा | ०७-११४ | झोपा उत्पादन | पुर्ण गुरूङ, गाई तथा झोपा उत्पादन उद्योग,दुनै -०७ | २०/०७/२०७२ | १,७३५,१०८ | १,३८८,०८६ | ३४७,०२२ | १,३८८,०८६ |
| ३६ | डोल्पा | ०७-१३८ | बाख्रा पालन | लंक बहादुर शाही, डोल्पो मालिका कृषि अनुसन्धान केन्द्र प्रा. लि.,दुनै -०४ | २०/०७/२०७२ | १,९१२,९८९ | १,५३०,३९१ | ३८२,५९८ | १,५३०,३९१ |
| ३७ | डोल्पा | ०७-१४३ | बाख्रा पालन | नुमा कुमारी बोहोरा, त्रिवेणी बाख्रा पालन फार्म,कालिका -०९ | २०/०७/२०७२ | १,२२५,११६ | ९८०,०९३ | २४५,०२३ | ९८०,००२ |
| ३८ | डोल्पा | ०७-१४४ | स्याउ खेती | श्रीराम कार्की, श्रीराम फलफुल उत्पादन केन्द्र,रह -०४ | २०/०७/२०७२ | ६७०,३१२ | ५३६,२५० | १३४,०६२ | ५३६,२५० |
| ३९ | डोल्पा | ०७-१५२ | भेडा पालन | निमा सिंदुल गुरूङ, काङछेन देर्बो भेडा पालन फार्म,साल्दाङ -०३ | २०/०७/२०७२ | १,४५३,२५४ | १,१६२,६०३ | २९०,६५१ | १,१६२,६०३ |
| ४० | डोल्पा | ०७-१५४ | च्याङ्ग्रा पालन | छेवाङ ग्याल्जन गुरूङ, देउराली बाख्रा पालन उद्योग,छार्का -०१ | २०/०७/२०७२ | १,६३०,१३१ | १,३०४,१०४ | ३२६,०२६ | १,३०१,१५८ |
| ४१ | डोल्पा | ०७-१५५ | बाख्रा पालन | हरि बहादुर रोका, दाजुभाई बाख्रा पालन फार्म,रह -०८ | २०/०७/२०७२ | १,४०४,८३६ | १,१२३,८६९ | २८०,९६७ | १,११७,९८५ |
| ४२ | डोल्पा | ०७-१२३ | भेडा पालन | जादे ऐडी, ऐडी भेडा पालन व्यवसाय,रिमी -०५ | २४/०८/२०७२ | १,२२०,९२७ | ९७६,७४१ | २४४,१८५ | ९७६,०२५ |
| ४३ | डोल्पा | ०७-१२८ | फलफलु नर्सरी | पुरन डि.सी., पुरन नर्सरी केन्द्र,सुँ -०१ | २७/०८/२०७२ | ४१६,३०६ | ३३३,०४५ | ८३,२६१ | ३२८,३९३ |
| ४४ | डोल्पा | ०७-१०० | तरकारी बिउ उत्पादन | कर्णविर धराला, डोल्पो तरकारी बिउ उत्पादन उद्योग,सुँ -०२ | ०७/०९/२०७२ | १,२४५,५८० | ९९६,४६४ | २४९,११६ | ९२२,०६३ |
| ४५ | डोल्पा | ०७-१५८ | बाख्रा पालन | वाले बोहोरा, मष्टा बाख्रा पालन व्यवसाय,सुँ -०५ | १३/०९/२०७२ | १,२१६,३४९ | ९७३,०७९ | २४३,२७० | ९७३,०७९ |
| ४६ | डोल्पा | ०७-१०९ | बाख्रा पालन | कमल बहादुर रावल, देवी देउराली बाख्रा पालन व्यवसाय,लिकु -०८ | १६/०९/२०७२ | १,२८५,५४८ | १,०२८,४३८ | २५७,११० | १,०१२,०३८ |
| ४७ | डोल्पा | ०७-१२७ | स्याउ खेती | राम बहादुर गुरूङ, महादेव फलफलुल बगैंचा उद्योग,सुँ -०५ | १६/०९/२०७२ | १,०५२,८१५ | ८४२,२५२ | २१०,५६३ | ७६९,५६२ |
| ४८ | डोल्पा | ०७-१५६ | बाख्रा पालन | इन्द्र बहादुर रोकाया, वृष्ण बाख्रा पालन व्यवसाय,दुनै -०२ | १९/०९/२०७२ | १,२८१,२७० | १,०२५,०१६ | २५६,२५४ | १,०२२,७७२ |
| ४९ | डोल्पा | ०७-१५६ | भेडा पालन | दत्त बहादुर शाही, जेनिसा भेडा पालन व्यवसाय,सर्मी -०३ | २६/०९/२०७२ | १,१३०,३३५ | ९०४,२६८ | २२६,०६७ | ९०२,४२६ |
| ५० | डोल्पा | ०७-०९५ | बाख्रा पालन | तुल बहादुर विष्ट, लक्ष्मी कृषि तथा पशु पालन उद्योग,त्रिपुराकोट -०२ | २४/१०/२०७२ | १,२३२,६८७ | ९८६,१४९ | २४६,५३७ | ९८५,६९९ |
| ५१ | डोल्पा | ०७-१२६ | भेडा पालन | लक्षिणा रोकाया, किरण एण्ड सविना भेडा उत्पादन केन्द्र,दुनै -०२ | १८/११/२०७२ | १,२८७,९१२ | १,०३०,३२९ | २५७,५८२ | १,०३०,३२९ |
| ५२ | डोल्पा | ०७-१४५ | भेडा पालन | बेलकली कार्की, सुजाता भेडा पालन उद्योग,रह -०३ | १८/११/२०७२ | १,३४०,३४२ | १,०७२,२७३ | २६८,०६८ | १,०७२,२७३ |
| ५३ | डोल्पा | ०७-१६४ | भेडा पालन | धनराज झाँक्री, तातोपानी भेडा पालन व्यवसाय फर्म,शहरतारा -०६ | १८/११/२०७२ | १,३९९,४४१ | १,११९,५५३ | २७९,८८८ | १,१११,५५३ |
| ५४ | डोल्पा | ०७-१५९ | याक (चौरी) पालन | निमा लामा, तेजिन पशुपालन उद्योग,फोक्सुण्डो -०१ | २३/१२/२०७२ | २,२२७,९५८ | १,७८२,३६६ | ४४५,५९२ | १,७८२,३६६ |
| ५५ | डोल्पा | ०७-०९० | स्याउ खेती | हिरा बहादुर रोकाया, छोंदुल प्राङगारिक स्याउ फर्म,लावन -०१ | २६/१२/२०७२ | ३,८६६,७८७ | ३,०९३,४३० | ७७३,३५७ | २,९०२,२९६ |
| ५६ | डोल्पा | ०७-०९८ | केशर खेती | रोशन हमाल, रोजा फार्मिङ्ग कन्सेप्ट प्रा. लि.,दुनै -०१ | २८/१२/२०७२ | ६,७८८,५५६ | ४,९८४,२७८ | १,८०४,२७८ | ४,९८१,६३० |
| ५७ | डोल्पा | ०७-१६० | मौरी पालन | हिमालय शाही, नविन दुध तथा मह उत्पादन उद्योग,दुनै -०५ | ०९/०१/२०७३ | १,३५०,५७४ | १,०८०,४६० | २७०,११५ | ९९६,२१९ |
| ५८ | डोल्पा | ०७-१६३ | चौरी पालन | धावा सम्डुक गुरूङ, मुक्पोरोङ चौरी पालन फार्म,भिजेर -०५ | २०/०१/२०७३ | २,००९,४९२ | १,६०७,५९४ | ४०१,८९८ | १,६०७,५९४ |
| ५९ | डोल्पा | ०७-१४९ | चौरी पालन | कर्मा छेवाङ लामा, सुर्वा हिमाल चाक पालन फार्म,सालदाङ -०४ | २०/०१/२०७३ | २,१५८,३०० | १,७२६,६४० | ४३१,६६० | १,७२६,६४० |
| ६० | डोल्पा | ०७-१६५ | स्याउ खेती | छेवाङपुटी झ्राँक्री, माउन्ट पुथा फलफुल तथा तरकारी उत्पादन फार्म,शहरतारा -०९ | ११/०२/२०७२ | १,९१७,२२० | १,५३३,७७६ | ३८३,४४४ | १,५३३,७७६ |
| ६१ | डोल्पा | ०७-१२५ | भेडा पालन | मायादेबी रोकाया, मायादेबी भेडा पालन व्यवसाय फार्म,काईगाँउ -०३ | १२/०२/२०७३ | १,४५६,०७२ | १,१६४,८५७ | २९१,२१४ | १,१६४,८५७ |
| ६२ | डोल्पा | ०७-१०४ | अल्लो प्रशोधन | नर बहादुर बुढा, पुष्पा अल्लो प्रशोधन कटाई बुनाई उद्योग,सर्मी -०८ | १२/०२/२०७३ | २,३४०,०४० | १,८७२,०३२ | ४६८,००८ | १,८४०,०३२ |
| ६३ | डोल्पा | ०७-०८७ | स्याउ खेती | जय प्रसाद बुढा, मष्टा भवानी स्याउ फार्म,सर्मी -०८ | २५/०२/२०७३ | १,५९९,८१४ | १,२७९,८५१ | ३१९,९६३ | १,१५३,४५१ |
| ६४ | डोल्पा | ०७-१६१ | गोलभेडा तथा सुकुटी उत्पादन | हस्तवती बुढा, कैलाश ताजा सुकुटी तरकारी उद्योग,नर्कु -०९ | ०५/०३/२०७३ | ६५५,२६८ | ५२४,२१४ | १३१,०५४ | ४१९,९७२ |
| ६५ | डोल्पा | ०७-१४७ | भेडा पालन | माल बहादुर रोकाया, ॐ प्रगतिशिल हिमाली भेडा पालन उद्योग,सर्मी -०२ | १६/०८/२०७३ | १,५२३,५४० | १,२१८,८३२ | ३०४,७०८ | - |
| ६६ | जुम्ला | ०८-०९१ | बाख्रा पालन | कृष्ण बहादुर रोकाया, लेकाली एग्रो फार्म, कालिकाखेतु -०९ | २३/०३/२०७३ | १,१३५,३३२ | ९०८,२६६ | २२७,०६६ | - |
| ६७ | जुम्ला | ०८-०९३ | बाख्रा पालन | नन्द बहादुर रावल, सरस्वती बाख्रा पालन उद्योग, शनिगाँउ -०३ | २३/०३/२०७३ | ८७८,१०० | ७०२,४८० | १७५,६२० | - |
| ६८ | जुम्ला | ०८-१२७ | डालेचुक प्रशोधन | काली बहादुर रावल, भेरीखोला डालेचुक प्रशोधन उद्योग, ताम्ती -०२ | २३/०३/२०७३ | १,०४१,५५८ | ८३३,२४६ | २०८,३१२ | ८३२,८०६ |
| ६९ | जुम्ला | ०८-०७४ | याक (चौरी) पालन | पुरिचन्द्र ऐडी, बाखे चौरी पालन उद्योग, पातरासी -०८ | २४/०३/२०७३ | १,४३६,८०० | १,१४९,४४० | २८७,३६० | - |
| ७० | जुम्ला | ०८-०८६ | भेडा पालन | गोबिचन्द्र तिरूवा, देउली भेडा पालन उद्योग, धापा -०५ | २४/०३/२०७३ | १,३९४,६०० | १,११५,६८० | २७८,९२० | १,११२,६८१ |
| ७१ | जुम्ला | ०८-०९२ | तरकारी खेती | छैटा न्यौपाने, कालिका मौषमी तथा बेमौषमी तरकारी उत्पादन फर्म, चन्दननाथ -०१ | २४/०३/२०७३ | ९२९,५३९ | ७४३,६३१ | १८५,९०८ | - |
| ७२ | जुम्ला | ०८-०९७ | बाख्रा पालन | रत्न बहादुर बम, रत्न बाख्रा पालन उद्योग, महत -०९ | २४/०३/२०७३ | १,१६७,२६३ | ९३३,८१० | २३३,४५३ | ९३३,७७० |
| ७३ | जुम्ला | ०८-०९९ | अत्तिस तथा सतुवा खेती | देबेन्द्र आचार्य, अखण्ड ज्योती जडिबुटी तथा उत्पादन उद्योग, चन्दननाथ -०२ | २४/०३/२०७३ | ६५५,६९७ | ५२४,५५७ | १३१,१३९ | ५२४,५५७ |
| ७४ | जुम्ला | ०८-१०० | तरकारी खेती | धर्मराज खत्री, भगवती तरकारी उद्योग, चन्दननाथ -१५ | २४/०३/२०७३ | ६४४,४०० | ५१५,५२० | १२८,८८० | - |
| ७५ | जुम्ला | ०८-१०३ | भेडा पालन | नन्द बहादुर कठायत, कुलदेब भेडा पालन उद्योग, बुम्रमाडीचौर -०३ | २४/०३/२०७३ | १,२१६,७७५ | ९७३,४२० | २४३,३५५ | - |

वांकी अर्को अंकमा....



## दोस्रो चौमासिकको प्रमुख गतिविधिः २०७३/७४

### समीक्षा गोष्ठी सम्पन्न

आयोजनासँग सम्बद्ध जिल्ला स्तरका सरोकारवाला र व्यवसायीहरूसँग प्रत्यक्ष सम्पर्क गर्ने र आयोजना कार्यान्वयनमा देखा परेका चुनौती र अप्ठेराहरू पहिचान गरी सुधार गर्ने माध्यमको रूपमा आयोजनाले बार्षिकरूपमा प्रत्येक आयोजना कार्यान्वयन जिल्लाहरूमा कम्तीमा पनि एक पटक यस्ता गोष्ठीहरू आयोजना गर्ने गरेको छ ।

#### मुस्ताङ

मुस्ताङमा जिल्ला स्तरीय समीक्षा तथा पृष्ठपोषण गोष्ठी मंसिर २१ गते जोमसोम स्थित जिल्ला विकास समिति, जोमसोमको सभाहलमा मुस्ताङ जिल्लाका निमित्त प्रमुख जिल्ला अधिकारी श्री जितेन्द्र बालामी ज्यूको अध्यक्षता र मुस्ताङका स्थानिय विकास अधिकृत श्री हरि प्रसाद ज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न भयो । उक्त गोष्ठीमा विभिन्न राजनितिक दलका प्रतिनिधि, व्यवसायी र सरोकारवालाहरू गरी ८९ जनाको सहभागिता रहेको थियो ।



जिल्ला आयोजना समन्वयकर्ताको कार्यालय, जिल्ला पशु सेवा कार्यालय मुस्ताङका कार्यालय प्रमुख श्री सुवल शाहले हिमाली आयोजना अन्तर्गत मुस्ताङ जिल्लामा संचालित विभिन्न उप-आयोजनाहरूको वस्तुस्थितिको विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो भने हिमाली आयोजनाका आयोजना निर्देशक डा विजय कान्त झा ज्यूले हिमाली आयोजनाको कार्यान्वयन स्थितिको बारेमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

कार्यपत्र प्रस्तुतिकरण पछिको छलफलमा गोष्ठीमा विभिन्न विषयमा सहभागीहरूले टिप्पणी गर्नु भएको थियो । विभिन्न राजनितिक दलका सहभागीहरू र व्यवसायीहरूले हिमाली-२ को कार्यान्वयन पद्दती सम्वन्धी सुझाव व्यक्त गर्नु भएको थियो ।

#### दोलखा

दोलखा जिल्लामा जिल्ला स्तरीय समीक्षा तथा पृष्ठपोषण गोष्ठी फागुन ३ गते चरिकोटमा जिल्ला बिकास समितिको सिम्पानी हलमा श्री शंकर नेपाल ज्यू, स्थानीय विकास अधिकारी जि.वि.स.को कार्यालय, दोलखाको अध्यक्षता र श्री यज्ञराज बोहरा ज्यू, प्रमुख जिल्ला अधिकारी जिल्ला प्रशासन कार्यालय, दोलखाको प्रमुख आतिथ्यता सम्पन्न भयो । उक्त गोष्ठीमा विभिन्न राजनितिक दलका प्रतिनिधि, व्यवसायी र सरोकारवालाहरू गरी ९५ जनाको सहभागिता रहेको थियो । गोष्ठीमा हिमाली आयोजना, आयोजना व्यवस्थापन कार्यालय, हरिहर भवन, ललितपुरवाट व. का. अ श्री सन्ध्या न्यौपाने, प. चि. श्री गोपी कृष्ण सेढाई र कृषि अर्थविज्ञ श्री विष्णु प्रसाद ओझा सहभागी हुनु भएको थियो ।

जिल्ला आयोजना समन्वयकर्ताको कार्यालय, जिल्ला पशु सेवा कार्यालय दोलखाका कार्यालय प्रमुख श्री ज्ञान बहादुर थापा ज्यूले हिमाली आयोजना अन्तर्गत दोलखा जिल्लामा संचालित विभिन्न उप-आयोजनाहरूको वस्तुस्थितिको विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो भने हिमाली आयोजनाका वरिष्ठ कार्यक्रम अधिकृत श्री सन्ध्या न्यौपाने ज्यूले हिमाली आयोजनाको कार्यान्वयन स्थितिको बारेमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । कार्यपत्र प्रस्तुतिकरण पछिको छलफलमा गोष्ठीमा विभिन्न विषयमा सहभागीहरूले टिका टिप्पणी र सुझाव व्यक्त गर्नु भएको थियो ।



मन्तव्यको क्रममा प्रमुख जिल्ला अधिकारी, श्री यज्ञराज बोहराज्यू र स्थानीय बिकास अधिकारी, श्री शंकर नेपालले आफ्नो मन्तव्य दिनु भएको थियो ।

#### रसुवा

फागुन ११ गते रसुवा जिल्लास्थित हिमाली उप-आयोजना व्यवसायीहरू, जिल्लास्थित विभिन्न राजनितिक दलका प्रतिनिधि, सरोकारवाला सरकारी तथा गैरसरकारी निकायका प्रमुख तथा प्रतिनिधिहरू, जिल्लास्थित विभिन्न संचार माध्यमका प्रतिनिधिहरू गरी ६७ जनाको उपस्थितीमा गोष्ठी संचालन भएको थियो ।

गोष्ठीको अध्यक्षता हिमाली आयोजना, आयोजना व्यवस्थापनको कार्यालयका ब.का.अ. श्री सन्ध्या न्यौपाने ज्यूले गर्नु भएको थियो भने गोष्ठीमा प्रमुख अतिथीको रूपमा जिल्ला प्रशासन कार्यालय रसुवाका नि. प्रमुख जिल्ला अधिकारीको उपस्थिती रहेको थियो ।



रसुवा जिल्लामा संचालित हिमाली आयोजनाको वस्तुस्थिती, प्रगति प्रतिवेदन र आगामी दिनको लागि सुझाव सहितको प्रस्तुती जिल्ला आयोजना समन्वयकर्ताको कार्यालय (जि.प.से.का. रसुवा) का प.वि.अ. श्री हुमनाथ अर्याल ज्यूले गर्नु भएको थियो भने हिमाली आयोजनाको समग्र वस्तुस्थिती तथा कार्य प्रगति हिमाली आयोजनाका ब.का.अ. श्री सन्ध्या न्यौपाने ज्यूले प्रस्तुत गर्नु भएको थियो । गोष्ठीमा उपस्थित हुनु भएका व्यवसायी, पत्रकार तथा अन्य सरोकारवालाहरूले हिमाली आयोजना आगामी दिनमा समेत निरन्तर संचालन हुनु पर्ने धारणा तथा आयोजना संचालनको क्रममा देखापरेका समस्या र आयोजना सम्वन्धि जिज्ञासा राखेका थिए ।

अन्तमा गोष्ठीको अध्यक्षता गर्नु भएका ब.का.अ. श्री सन्ध्या न्यौपानेले गोष्ठीमा उठेका जिज्ञासाको निवारण तथा उपस्थित हुनु भएका आमन्त्रीत महानुभावहरूलाई धन्यवाद सहित गोष्ठीको समापन गर्नु भएको थियो ।

#### जुम्ला

मिति २०७३ साल फागुन १८ गते जुम्ला जिल्लास्थित हिमाली उप-आयोजना व्यवसायीहरू, जिल्लास्थित विभिन्न राजनितिक दलका प्रतिनिधि, सरोकारवाला सरकारी तथा गैरसरकारी निकायका प्रमुख तथा प्रतिनिधि ज्यूहरू, जिल्लास्थित विभिन्न संचार माध्यमका प्रतिनिधि ज्यूहरू गरी ७५ जनाको उपस्थितीमा गोष्ठी संचालन भएको थियो । गोष्ठीको अध्यक्षता जिल्ला विकास समितिको कार्यालय जुम्लाका स्था.वि.अ. श्री नारायण प्रसाद सापकोटा ज्यूले गर्नु भएको थियो भने गोष्ठीमा प्रमुख अतिथीको रूपमा जिल्ला प्रशासन कार्यालय जुम्लाका प्रमुख जिल्ला अधिकारी श्री हरिनारायण वेलवासे ज्यूको उपस्थिती रहेको थियो । त्यस्तै विशेष अतिथीको रूपमा हिमाली आयोजनाका व.का.अ. श्री सन्ध्या न्यौपाने ज्यू उपस्थित हुनु भएको थियो । गोष्ठीमा आमन्त्रीत अतिथी ज्यूहरूलाई जिल्ला कृषि विकास कार्यालय जुम्लाका कार्यालय प्रमुख व.कृ.वि.अ. श्री भरत प्रसाद कडेल ज्यूले सहभागिहरूलाई स्वागत गर्नु भएको थियो ।



जुम्ला जिल्लामा संचालित हिमाली आयोजनाको वस्तुस्थिती, प्रगति प्रतिवेदन र आगामी दिनको लागि सुझाव सहितको प्रस्तुती जिल्ला आयोजना समन्वयकर्ताको कार्यालय (जि.प.से.का. जुम्ला) का प.वि.अ. श्री ज्ञानेन्द्र सिंह वुढा ज्यूले गर्नु भएको थियो भने हिमाली आयोजनाको समग्र वस्तुस्थिती तथा कार्य प्रगति हिमाली आयोजनाका ब.का.अ. श्री सन्ध्या न्यौपाने ज्यूले प्रस्तुत गर्नु भएको थियो ।

गोष्ठीमा उपस्थित हुनु भएका व्यवसायी, पत्रकार तथा अन्य सरोकारवाला-हरूले हिमाली आयोजना आगामी दिनमा समेत निरन्तर संचालन हुनु पर्ने धारणा तथा आयोजना संचालनको क्रममा देखापरेका समस्या र आयोजना सम्वन्धि जिज्ञासा राखेका थिए । ब.का.अ. श्री सन्ध्या न्यौपाने ज्यूले गोष्ठीमा उठेका जिज्ञासाको निवारण गर्नु भएको थियो ।

अन्तमा कार्यक्रमको अध्यक्षता गर्नु भएका जि.वि.स. जुम्लाका स्था.वि.अ. श्री नारायण प्रसाद सापकोटा ज्यूले आफ्नो मन्तव्य सहित गोष्ठीको समापन गर्नु भएको थियो ।

#### संखुवासभा

संखुवासभामा जिल्ला स्तरिय समिक्षा तथा पृष्ठपोषण गोष्ठी मिति २०७३ चैत्र २० गते प्रमुख जिल्ला अधिकारी श्री मोहन मणि घिमिरे ज्यूको अध्यक्षता र हिमाली आयोजनाका आयोजना निर्देशक डा. विजय कान्त झा ज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न भयो । उक्त गोष्ठीमा विभिन्न राजनैतिक दलका प्रतिनिधी ज्यूहरू, व्यवसायी र सरोकारवालाहरू गरी १०५ जनाको सहभागिता रहेको थियो । गोष्ठीमा आयोजनाका आयोजना निर्देशक डा. विजय कान्त झा ज्यू र जिल्ला समन्वयकर्ता डा. उमेश दाहालज्यूले कार्यपत्र प्रस्तुतिकरण गर्नु भएको थियो । हालसम्म संखुवासभा जिल्लामा ५१ उप-आयोजनाहरूमा जम्मा लगानी ७ करोड १२ लाख ४८ हजार रहेकोमा आम्दानी गर्ने उप-आयोजनाहरू ३८ वटा, रोजगारी श्रृजना गर्ने उप-आयोजनाहरू ४७ वटा र रोजगार संख्या २३०९ जना रहेको र हालसम्म १ करोड १७ लाख ५१ हजार आम्दानी गरेको कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।



कार्यपत्र प्रस्तुत पछिको छलफल कार्यक्रममा क्षमता अभिवृद्धि, प्राविधिक सिप सम्वन्धी तालीम, दिनुपर्ने जस्ता सुझावहरू आएको थियो । मन्तव्यको कममा जिल्ला स्थित विभिन्न प्रतिनिधीहरूले आ-आफ्नो धारणा राख्नु भएको थियो । उक्त गोष्ठीमा हिमाली आयोजनाका राष्ट्रिय टोली प्रमुख श्री दलराम प्रधान ज्यू र पशु चिकित्सक सुक बहादुर नेपाली ज्यूको पनि उपस्थित रहेको थियो भने कार्यक्रम सञ्चालन जिल्ला अनुगमन संयोजक श्री कमान सिंह राई ज्यूले गर्नुभएको थियो ।

#### सोलुखुम्बु

सोलुखुम्बु जिल्लामा जिल्ला स्तरिय समिक्षा तथा पृष्ठपोषण गोष्ठी मिति २०७३ चैत्र २३ गते स्थानीय विकास अधिकारी श्री कृष्ण प्रसाद सापकोटा ज्यूको अध्यक्षता र प्रमुख जिल्ला अधिकारी श्री उमेश पाण्डे ज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न भयो । उक्त गोष्ठीमा विभिन्न राजनैतिक दलका प्रतिनिधी ज्यूहरू, व्यवसायी, पत्रकार र सरोकारवालाहरू गरी ९७ जनाको सहभागिता रहेको थियो । गोष्ठीमा हिमाली आयोजनाका राष्ट्रिय टोली नेता श्री दलराम प्रधान ज्यू र जिल्ला समन्वयकर्ता ब.कृ.वि.अ. श्री नेत्र भण्डारी ज्यूले कार्यपत्र प्रस्तुतिकरण गर्नु भएको थियो । हालसम्म सोलुखुम्बु जिल्लामा ४९ उप-आयोजनाहरूमा जम्मा लगानी ५ करोड ७९ लाख र पूर्णकालीन रोजगार संख्या ९० जना रहेको र हालसम्म उप-आयोजनाहरूबाट १ करोड ३२ लाख आम्दानी गरेको कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।



कार्यपत्र प्रस्तुत पछिको छलफल कार्यक्रममा विभिन्न सुझावहरू आएको थियो । मन्तव्यको कममा जिल्ला स्थित विभिन्न प्रतिनिधीहरूले आ-आफ्नो धारणा राख्नु भएको थियो । उक्त गोष्ठीमा हिमाली आयोजनाका राष्ट्रिय टोली प्रमुख श्री दलराम प्रधान ज्यू, पशु चिकित्सक श्री सुक बहादुर नेपाली ज्यूको पनि उपस्थित रहेको थियो भने कार्यक्रम सञ्चालन जिल्ला कृषि विकास कार्यालयका प्रकाश पौडेलले गर्नुभएको थियो ।

## प्राविधिक समन्वय समितिको दशौं बैठक

हिमाली आयोजना कार्यान्वयमा अन्तर विभागीय समन्वय जुटाउन र आयोजना कार्यान्वयनलाई प्रभावकारी बनाउन गठित विभाग स्तरीय प्राविधिक समन्वय समितिको दशौं बैठक २१ माघ, २०७३ मा सम्पन्न भएको छ ।

पशु सेवा विभागका महानिर्देशक श्री विमल कुमार निर्मल ज्यूको अध्यक्षतामा सम्पन्न सो बैठकमा हिमाली आयोजनाको हालसम्मको प्रगति, उप-आयोजनाहरूको सम्झौता गर्ने र भुक्तानीको अन्तिम मिति निर्धारण गर्ने र Wrap-up Meeting मा पेश भएको Aide Memoire सम्वन्धमा साथै अन्य विविध विषयहरूमा छलफल गरिएको थियो ।

## तालीम

हिमाली आयोजनाले दश जिल्लामा रहेका विभिन्न मुल्य श्रृखलाहरूमा आधारीत रहेर व्यवसायहरू संचालन गर्न, अनुभव साट्न तथा थप वस्तुगत प्रविधिक ज्ञान सिप अभिवृद्धि गर्न विभिन्न समयमा तालीमको आयोजना गर्ने गरेको छ ।

### भेडा पालन तालीम

उच्च पहाड कृषि व्यवसाय तथा जीविकोपार्जन सुधार आयोजना, व्यवस्थापन कार्यालय हरिहरभवन, ललितपुरको आयोजनामा आयोजना कार्यक्षेत्र अन्तर्गतका २ ओटा जिल्ला मुगु र जुम्ला जिल्लाका भेडा पालन व्यवसायीहरूका लागि लक्षित गरिएको भेडा पालन तालीम भेडा तथा बाख्रा अनुसन्धान कार्यक्रम गोठीचौर जुम्लामा मिति २०७३।११।१२ गतेबाट संचालन गरी २०७३।११।१७ गते सम्पन्न भएको थियो । तालीममा मुगु जिल्लाबाट ९ र जुम्ला जिल्लाबाट १५ गरि जम्मा २४ जनाको सहभागीता रहेको थियो जस मध्ये महिला ४ पुरूष २० जना रहेका थिए । हिमाली आयोजनाका प्राविधिक सहायक श्री गणेश थापाको संयोजक तथा बाख्रा अनुसन्धान कार्यक्रम गोठीचौर जुम्लाको प्राबिधिक सहयोग रहेको सो तालीमको मुख्य उद्देश्य भेडा पालन व्यवसायीहरूमा उन्नत भेडा पालन प्रविधिबारे क्षमता अभिवृद्धि गर्ने रहेको थियो ।



उन्नत भेडा पालन प्रविधिमा आधारित बिभिन्न विषयमा प्रयोगात्मक तथा सैदान्तिक गरी जम्मा २४ वटा कक्षा शेसनका आधारमा प्रशिक्षण कार्य संचालन भएको थियो ।

### स्याउ खेती तथा फलफूल प्रशोधन तालीम

उच्च पहाड कृषि व्यवसाय तथा जीविकोपार्जन सुधार आयोजनाको आयोजनामा आयोजना कार्यक्षेत्र अन्तर्गतका स्याउ खेती तथा फलफूल प्रशोधन व्यवसायीहरूका लागि लक्षित गरिएको स्याउ खेती तथा फलफूल प्रशोधन तालीम जुम्ला उद्योग वाणिज्य संघको हलमा मिति २०७३।११।१२ गतेबाट संचालन गरी २०७३।११।१७ गते सम्पन्न भएको थियो । तालीममा २० जनाको सहभागीता रहेको थियो जस मध्ये महिला ३ पुरूष १७ जना रहेका थिए । हिमाली आयोजनाका प्राविधिक सहायक श्री चन्द्र प्रकाश रोकायको संयोजक तथा जि.कृ.वि. कार्यालय, जुम्ला, कृषि अनुसन्धान केन्द्र, जुम्ला र स्याउ प्रसोधन केन्द्र, जुम्लाको प्राबिधिक सहयोग रहेको सो तालीमको मुख्य उद्देश्य स्याउ खेती तथा फलफूल प्रशोधनमा क्षमता अभिवृद्धि गर्ने रहेको थियो । तालीममा हिमाली आयोजनाका ब.का.अ. श्री सन्ध्या न्यौपाने ज्यूको पनि उपस्थिति रहेको थियो ।

व्यवसायीक तरकारी खेती प्रविधिमा आधारित बिभिन्न विषयमा प्रयोगात्मक तथा सैदान्तिक गरी जम्मा २४ वटा कक्षा शेसनका आधारमा प्रशिक्षण कार्य संचालन भएको थियो ।

## हिमाली आयोजनाको कार्यान्वयन अवस्था तथा दोश्रो चरण तयारी अन्तरकृया कार्यक्रम

हिमाली आयोजनाको कार्यान्वयन अवस्था तथा दोश्रो चरण तयारी अन्तरकृया मिति २०७३ मंसीर १५ गते वैठक ईभेन्ट भेन्यु, त्रीपुरेश्वर, काठमाण्डौंमा पशुपन्छी विकास मन्त्रालयका सचिव श्री उत्तम कुमार भट्टराईज्यूको अध्यक्षतामा गोष्ठी सञ्चालन भएको थियो । उक्त गोष्ठीमा आयोजना लागु भएका हिमाली जिल्लाका सांसदज्यूहरू लगायत नेपाल सरकारका उच्च पदस्थ अधिकृत कर्मचारीहरूका साथै अन्य सरोकारवालाहरू समेत गरी जम्मा १५० जनाको उपस्थिती रहेको थियो भने यसै आयोजनाका आयोजना प्रमुख डा. विजय कान्त झा ज्यूले आयोजनाको कार्यान्वयन अवस्था तथा दोश्रो चरण तयारी सम्बन्धि कार्यपत्र प्रस्तुत गर्नु भएको र उक्त कार्यपत्र माथी छलफल गर्दा आयोजनाको दोश्रो चरण लागु गर्न सम्बन्धित निकाय संग आगामी दिनहरूमा अन्तरकृया गर्नु पर्ने धारणा प्रस्तुत गरिएको थियो ।





## साझेदारको पाना

## कृषि उद्यम केन्द्र (AEC)/ ACI/ हिमालीका गतिविधि

एशियाली विकास बैंकको आर्थिक सहयोगमा नेपाल सरकार र तत्कालिन कृषि विकास मन्त्रालय, हाल पशुपन्छी विकास मन्त्रालय, पशु सेवा बिभाग मार्फत उच्च पहाडी जिल्लाहरूमा संचालन भैरहेको उच्च पहाड कृषि व्यवसाय तथा जीविकोपार्जन सुधार (हिमाली) आयोजनाले लिएका उद्देश्य हासिल गर्न कार्यान्वयन साझेदारको रूपमा नेपाल उद्योग बाणिज्य महासंघ र कृषि उद्यम केन्द्रले बिगत चार वर्ष देखि सहकार्य गर्दै आइरहेको छ ।

गत नोभेम्बर २२-२३ मा जुम्ला जिल्लामा कृषि उद्यम केन्द्रको आयोजनामा कृषि व्यवसाय व्यवस्थापन तालीम सम्पन्न भयो । हिमालीका उप-आयोजना संचालकहरू २९ जनाको सहभागिता रहेको उक्त तालीममा क्षेत्रीय कृषि व्यवसाय विज्ञ युरान जोशीले प्रमुख प्रशिक्षकको भूमिका निभाउनु भएको थियो । त्यसैगरी डिसेम्बर ९-१० मा मुगु जिल्लामा पनि कृषि उद्यम केन्द्र/हिमाली आयोजना र जिल्ला समन्वयकर्ताको कार्यालय संखुवासभाको संयुक्त आयो-जनामा कृषि व्यवसाय व्यवस्थापन तालीम सम्पन्न भयो । हिमालीका उप-आयोजना संचालकहरू ३० जनाको सहभागिता रहेको उक्त तालीममा क्षेत्रीय कृषि व्यवसाय विज्ञ युरान जोशीले प्रमुख प्रशिक्षकको भूमिका निभाउनु भएको थियो भने तालीम संयोजक जिल्ला कृषि व्यवसाय जगत भाम रहनु भएको थियो ।

डिसेम्बर १९-२० एवं २१-२२ मा कृषि उद्यम केन्द्र/हिमाली आयोजना र जिल्ला समन्वयकर्ताको कार्यालय संखुवासभाको संयुक्त आयोजनामा कृषि व्यवसाय व्यवस्थापन तालीम सम्पन्न भयो । २ चरण गरी कुल ४४ जना सहभागी रहेको उक्त तालीमको प्रमुख प्रशिक्षक रन्जु शाह र तालीम संयोजक जिल्ला कृषि व्यवसाय युबराज गुरूङको महत्वपूर्ण भूमिका रहेको थियो ।

त्यसैगरी जनवरी ५-६ तथा ८-९, मा कृषि उद्यम केन्द्र/हिमाली आयोजना र जिल्ला समन्वयकर्ताको कार्यालय रसुवाको संयुक्त आयोजनामा कृषि व्यवसाय व्यवस्थापन तालीम सम्पन्न भयो । २ चरण गरी कुल ५० जना सहभागी रहेको उक्त तालीमको प्रमुख प्रशिक्षक डा. हेमप्रभा पाण्डे, प्रशिक्षक श्रीकृष्ण गौतम र तालीम संयोजक जिल्ला कृषि व्यवसाय विज्ञ बिरद श्रेष्ठको महत्वपूर्ण भूमिका रहेको थियो ।

जनवरी ९-१८ मा चितवनमा आयोजित चितवन महोत्सवमा हिमाली उप-आयोजना सोलुखुम्बु बाट फुंगबोचे हातेकागज, मनाङ्गबाट स्याउ र मुस्ताङबाट तरकारी तथा फलफूल उत्पादनकर्ताहरूले आफ्नो सहभागिता जनाएका थिए ।

जनवरी ३० देखि फेब्रूअरी १ मा कृषि उद्यम केन्द्र/हिमाली आयोजना, ACI र हिमाली आयोजना व्यवस्थापन कार्यालय हरिहरभवनको संयुक्त आयो-जनामा ललितपुरको इन्ट्रान्स क्याफे, बखुन्डोलमा हिमाली आयोजना लागु भएका जिल्लामा कार्यरत कर्मचारीहरूको लागि "हिमाली उप-आयोजनाका तथ्यांक संकलन, विश्लेषण एवं प्रतिबेदन प्रस्तुत" विषयक कार्यशाला गोष्ठी सम्पन्न भयो । १० जिल्लाबाट सहभागी जिल्ला अनुगमन टोली र जिल्ला कृषि उद्यम व्यवसाय विज्ञहरूको उपस्थिती थियो ।

फेब्रूअरी १७-१९ मा काठमाडौँको भृकुटीमण्डपमा आयोजित एग्रोटेक मेलामा हिमाली उप-आयोजना जुम्लाबाट केशर, संखुवासभाबाट अल्लो, मनाङबाट स्याउ र मुस्ताङबाट तरकारी तथा फलफूल उत्पादनकर्ताहरूले आफ्नो सहभागिता जनाएका थिए ।

फेब्रूअरी ५-१३, मा कृषि उद्यम केन्द्र/हिमाली आयोजनाको संयोजकत्वमा पशुपन्छी विकास मन्त्रालयका सहसचिव, पशु सेवा विभागका महानिर्देशक, हिमाली आयोजनाका आयोजना निर्देशक, कृषि उद्यम केन्द्रका प्रमुख कार्यकारी अधिकृत, हिमाली आयोजना टोली प्रमुख, क्षेत्रीय कृषि व्यवसाय योजना विज्ञहरू एवं १० जिल्लाबाट सहभागी जि.कृ.व्या. विज्ञ लगायत कुल २२ जनाको टोलीले मूल्य एवं आपूर्ति श्रृंखला एवं कृषि प्रविधिको विकास र सिकाई सम्बन्धी फिलिपिन्सको अध्ययन भ्रमण सम्पन्न गरेको छ । उक्त भ्रमणमा त्यहाँका संस्थानहरूले प्रदान गरेका बिभिन्न तालीम मार्फत मूल्य एवं आपूर्ति श्रृंखला मार्फत कृषि र कृषिजन्य उत्पादन एवं पशुपालन र दूग्ध एवं मासु जन्य पदार्थको उत्पादनमा प्रविधिको प्रयोग र उत्पादन संकलन, प्रशोधन, प्याकेजिंग र बजारीकरण लगायतका प्रक्रियालाई कसरी गुणस्तरीय बनाउने र बजारीकरणलाई सहज एवं सुलभ बनाउन सकिन्छ भन्ने बारेमा विषयगत एवं व्यवहारिक ज्ञान प्राप्त गर्नु रहेको थियो ।




फिलिपिन्सको Los Banos, Laguna मा अवस्थित PCAARRD (Philippine Council for Agriculture, Aquatic and Natural Resources Research and Development), Department of Science and Technology (DOST) ले भ्रमणलाई संयोजन गरी स्रोत व्यक्ति उपलब्ध गराउने देखि कक्षा सन्चालन एवं बिभिन्न संस्थानहरूको अध्ययन भ्रमण गराउने काममा सहकार्य गरेको थियो ।

अध्ययन र तालीमको क्रममा Dr Ernesto O. Brown (SERD, PCAARRD) ले मूल्य एवं आपूर्ति श्रृंखला सम्बन्धी प्रशिक्षण प्रदान गर्नु भएको थियो । त्यसैगरी International Rice Research Institute (IRRI), ASEAN Center for Biodiversity (ACB), Southeast Asian Regional Center for Gradute Study and Research in Agriculture (SEARCA), National Institute of Molecular Biology and Biotechnology (BIOTEC), UPLB museum of natural history, Makiling Botanic Garden, UPLB Dairy Training and Research Institute, CLSU Small Ruminant Center (SRC), CLSU Hydrophonics and Aquaphonics technologies (CHAT) Demonstration Farm and experiment Station, Philippine Rice Research Institute (PhilRice), Philippine Carabao Center (PCC), Benguet State University (BSU), Costales Nature Farm को स्थलगत भ्रमण गरियो ।



उक्त भ्रमणमा कृषिजन्य उत्पादन एवं पशुपालन र दूग्ध एवं मासु जन्य पदार्थको उत्पादनमा प्रविधिको प्रयोग र उत्पादन संकलन, प्रशोधन, प्याकेजिंग र बजारीकरण लगायतका प्रक्रियालाई कसरी गुणस्तरीय बनाउने र बजारीकरणलाई सहज एवं सुलभ बनाउन सकिन्छ भन्ने बारेमा विषयगत एवं व्यवहारिक ज्ञान प्राप्त भएको भ्रमण टोलीको निचोड रहेको छ । गुणस्तरीय उत्पादन, अर्गानिक उत्पादन, एकीकृत खेती प्रणाली, सिंचाई प्रणाली, खेर जाने वस्तुहरूको पुनः प्रयोग लगायतका विषयमा व्यवहारिक एवं प्राबिधिक ज्ञान प्राप्त भयो । यस शैक्षिक भ्रमणबाट प्राप्त ज्ञान हिमाली आयोजनाद्वारा प्रदान गरिएका उप-आयोजनाहरूलाई गुणस्तरीय उत्पादन एवं मूल्य श्रृंखला र आपूर्ति श्रृंखलाद्वारा बजारीकरण प्रक्रियालाई सहज, सुलभ र नाफा मुलक बनाउन त्यहाँका प्रविधी र सीपहरूलाई अनुकरण गर्न सकिन्छ भन्ने विश्वास लिइएको छ ।

# आयोजना कार्यान्वयनमा संलग्न निकायहरू र सम्पर्क

## जिल्ला आयोजना समन्वयकर्ता, जिल्ला कृषि उद्यम विज्ञ तथा जिल्ला अनुगमन संयोजकहरू

| क्र.स | कार्यालय | फोन/फ्याक्स | ईमेल |
|---|---|---|---|
| | **सोलुखुम्बु (०३८ )** | | |
| १ | आयोजना समन्वयकर्ताको कार्यालय (जिल्ला कृषि विकास कार्यालय) | ५२००१५ (P/F) | dadosolu@gmail.com |
| २ | DAES : श्री संजीव महर्जन मार्फतः जिल्ला कृषि विकास कार्यालय | ९८४३३१२४८० | maharjansanziv@gmail.com |
| ३ | DMC : श्री दावा तेन्जी लामा | ९८१९९१९७९८ | dawalama807@yahoo.com |
| | **संखुवासभा (०२९)** | | |
| १ | आयोजना समन्वयकर्ताको कार्यालय (जिल्ला पशु सेवा कार्यालय) | ५६०१५९ | dlsosankhuwasabha@gmail.com |
| २ | DAES : श्री युवराज गुरूङ्ग मार्फत : जिल्ला पशु सेवा कार्यालय | ९८४१७४०५१० | yuvarajgrg25@gmail.com |
| ३ | DMC : श्री कमान सिंह राई | ९७४२०१०५०२ | k_singh6@yahoo.com |
| | **दोलखा (०४९)** | | |
| १ | आयोजना समन्वयकर्ताको कार्यालय (जिल्ला पशु सेवा कार्यालय) | ४२१११५ | dlsodolakha@gmail.com |
| २ | DAES :श्री रामचन्द्र अधिकारी मार्फत : जिल्ला उद्योग बाणिज्य संघ | ९८४१८७४६९९ | rc_adhikari2008@hotmail.com |
| ३ | DMC : श्री लिला बहादुर भुजेल | ९८४३३५९८६४ | bhujel.lb5@gmail.com |
| | **रसुवा (०१०)** | | |
| १ | आयोजना समन्वयकर्ताको कार्यालय (जिल्ला पशु सेवा कार्यालय) | ५४०१२९ | dlsorasuwa@gmail.com |
| २ | DAES : श्री बीरद लाल सिखु श्रेष्ठ | ९८४१३६३८०८ | biradsiku@gmail.com |
| ३ | DMC : श्री गंगा अधिकारी | ९८४३०४८६५ | ganga.adhikari@live.com |
| | **मनाङ्ग (०६६)** | | |
| १ | आयोजना समन्वयकर्ताको कार्यालय (जिल्ला कृषि विकास कार्यालय) | ४४०२१३ | dadomanang1@gmail.com |
| २ | DAES : चेत बहादुर थापा | ९८४६०५९२५९<br>९८१५१४९७५९ | chet.himaliaec@gmail.com |
| ३ | DMC : श्री सुनिता देवी श्रेष्ठ | ९८४६१०७७१३ | sunita.himali@gmail.com |

| क्र.स | कार्यालय | फोन/फ्याक्स | ईमेल |
|---|---|---|---|
| | **मुस्ताङ (०६९)** | | |
| १ | आयोजना समन्वयकर्ताको कार्यालय (जिल्ला पशु सेवा कार्यालय) | ४४०१२१ | subal_sah@yahoo.com |
| २ | DAES : श्री तीर्थराज ढकाल मार्फत : जिल्ला पशु सेवा कार्यालय | ४४००५७/<br>९८५१०१७४४१ | tr_dhakal@yahoo.com |
| ३ | DMC : श्री गोकर्ण देवकोटा | ९८४१९६९५७० | gokarnadevkota@hotmail.com |
| | **जुम्ला (०८७)** | | |
| १ | आयोजना समन्वयकर्ताको कार्यालय (जिल्ला पशु सेवा कार्यालय) | ५२००२८ (P/F) | dlsojumla@yahoo.com |
| २ | DAES : श्री नारायण श्रेष्ठ | ९८५१२०७०११ | nshrestha111@gmail.com |
| ३ | DMC : श्री डम्बर बहादुर रोकाय | ९८४८३००६६३ | dbrokaya@gmail.com |
| | **मुगु (०८७)** | | |
| १ | आयोजना समन्वयकर्ताको कार्यालय (जिल्ला कृषि विकास कार्यालय) | ४६००८६ | dadomugu.govnp@gmail.com |
| २ | DAES : श्री जगत बहादुर भाम मार्फत : जिल्ला उद्योग बाणिज्य संघ | ९८४८३०८५१५ | bhamjagat@gmail.com |
| ३ | DMC : श्री दिर्घ राज पाद्याय | ९८६१७१९२९९ | drpadhayay@gmail.com |
| | **डोल्पा (०८७)** | | |
| १ | आयोजना समन्वयकर्ताको कार्यालय (जिल्ला कृषि विकास कार्यालय) | ५५००९९ | dadodolpa55@gmail.com |
| २ | DAES : श्री आङ बहादुर लामा मार्फत : जिल्ला कृषि विकास कार्यालय | ९८६०४२७५४६/<br>९८५११५७८१७ | angblama@gmail.com |
| ३ | DMC : श्री हर्ष राज भट्ट | ९७४११४५३४० | bhatt.harsraj@gmail.com |
| | **हुम्ला (०८७)** | | |
| १ | आयोजना समन्वयकर्ताको कार्यालय (जिल्ला कृषि विकास कार्यालय) | ६८००११ | dadohumla@gmail.com |
| २ | DAES : श्री कमल बहादुर छत्याल | ९७४८९०१६५०/<br>९८४८३३६२०० | svision.malla6200@gmail.com |
| ३ | DMC : श्री गगन बहादुर शाही | ९८४१५६३५१२ | wwwsgagan@gmail.com |

## कृषि उद्यम केन्द्र

| क्र.स | नाम, पद र कार्य क्षेत्र | सम्पर्क नंम्बर | ईमेल |
|---|---|---|---|
| १ | श्री राममणी पौडेल, टोली नेता AEC/हिमाली | ९८४८०२७२३१ | ramani.paudyal@aec-fncci.org |
| २ | श्री श्रीकृष्ण गौतम, क्षेत्रीय कृषि व्यवसाय योजना विज्ञ | ९८४१०४४४९१ | gtm.skg@gmail.com |
| ३ | डा हेमप्रभा पाण्डे, क्षेत्रीय कृषि व्यवसाय योजना विज्ञ | ९८४९९५१८५५ | pranamufour@gmail.com |

| क्र.स | नाम, पद र कार्य क्षेत्र | सम्पर्क नंम्बर | ईमेल |
|---|---|---|---|
| ४ | श्री युरान जोशी, क्षेत्रीय कृषि व्यवसाय योजना विज्ञ | ९८१७२४४४६८ | uran.joshi@gmail.com |
| ५ | श्री रन्जु शाह, क्षेत्रीय कृषि व्यवसाय योजना विज्ञ | ९८६००३३३४० | apranju5@gmail.com |



**प्रापक**

श्री ____________________________________

____________________________________

**प्रेषक**

नेपाल सरकार

पशुपन्छी विकास मन्त्रालय

पशु सेवा विभाग

**उच्च पहाड कृषि व्यवसाय तथा जीविकोपार्जन सुधार (हिमाली) आयोजना**

हरिहरभवन, ललितपुर

फोन नं. ०१५५२५८३१, **फ्याक्स** : ०१५५२८६७०, टोल फ्री नं. १६६०-०१-१५५००, ईमेल : info@himali.gov.np, वेवसाईट : www.himali.gov.np

